नगर सन्देश
कीर्तिपुर नगरपालिका
विश्व नगरग्रामविन्दु
कीर्तिपुर किपू स्वच्छ किपू
नगर सन्देश वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अंक १४ ● ने.सं. ११४० सिल्लागा नवमि ● वि.सं. २०७६ फागुन ५ गते, सोमबार ● 2020 February 17 Monday ● पृष्ठ ८

# कीर्तिपुर नगरपालिकाको

# छैठौं नगरपरिषद् सम्पन्न

कीर्तिपुर नगरपालिकाको छैठौं नगरपरिषद् आइतबार सम्पन्न भएको छ। अमल्सि स्थित कृष्ण क्याटरिङ्गमा भएको परिषद्को कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले पानसमा दीप प्रज्वलन गरी उद्‌घाटन गर्नुभएको थियो।

नेपालको राष्ट्रिय गान बजाई शुरु भएको परिषद् बैठकमा ज्ञात अज्ञात सहिदहरूको सम्झनामा एक मिनेट मौनधारण गरी प्रारम्भ भएको बैठकमा, बैठकका सचिव तथा कीर्तिपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्यले छैठौं नगरपरिषद्को कार्यसूचि प्रस्तुत गर्नुहुँदै बैठक सञ्चालन गर्नुभएको थियो।



परिषद् बैठकमा सम्पूर्ण वडाका वडा अध्यक्षहरूले आ-आफ्ना वडाका कामहरूको बारेमा जानकारी गराउनु भएको थियो भने वडा नं. ९ का वडा अध्यक्ष गंगाराम महर्जनले नेपालभाषामा आफ्नो वडाको कामहरूको बारेमा बोल्नु भएको थियो।

नगर परिषद् बैठकमा उपमेयर सरस्वती खड्काले चालु आ.ब. २०७६/०७७ को आयव्यय, योजना तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था तथा विभिन्न संशोधन प्रस्ताव एवं एजेण्डाहरू पेश गर्नुभएको थियो।

परिषद् बैठकमा उठेका जिज्ञासाहरूको मेयर महर्जनले स्पष्ट पार्नु भएको थियो भने यस छैठौं बैठकले नगरपालिकाको सुशासन समिति र लेखा समिति चयन गरेको थियो। दुबै समिति एक जना संयोजक, एक जना महिला सदस्य सहित ३ जनाको समिति बनाइएको थियो। सुशासन समितिको संयोजकमा सुनिल डंगोल (वडा नं. ६) चयन गरिएको थियो भने सदस्यहरूमा मनु बिक (वडा नं.२ ) र नरेन्द्र श्रेष्ठ (वडा नं. ८) चयन भएको थियो। त्यसैगरी लेखा समितिको संयोजकमा अनिल बाँस्कोटा (वडा नं. ४ ) चयन गरिएको थियो भने सदस्यहरूमा मञ्जु बस्नेत बुढाथोकी (वडा नं. ६ ) र चिनीकाजी श्रेष्ठ (वडा नं. १०) चयन भएको थियो।

चयन भएका संयोजक तथा सदस्यहरूलाई मेयर, उपमेयर तथा प्रमुख प्रशासकीय अधिकृतले अबिर लगाई तथा खादा ओढाएर सम्मान गर्नुभएको थियो।

## किपू नगरपालिका चीहा संकिपा कासाया सुचं

किपू नगरपालिकाया ऐतिहासिक, साँकृतिक, सामाजिक पक्ष पिलुइ कथं किपू नगरपालिकाया ग्वसालय् जइगु किपू नगर चीहाः संकिपा कासाया चीहाः सकिपा दुथ्याकेगु ई मेगु लच्छि तनेगु निर्णय जूगुलिं थ्वहे वइगु २०७६ फागुन ३० गते तकया दुने चीहाः संकिपा दुथ्याकादीत सकल निर्मातापिंत इनाप याना च्वना।

किपू नगरपालिका चीहा: संकिपा कासा ग्वसा: खल:
किपू नगरपालिका

# सम्पादकीय

## कीर्तिपुर महोत्सव

## महोत्सव एक, अवसर अनेक

आगामी २०७७ वैशाख १६ देखि २० सम्म कीर्तिपुर नगरपालिकाले कीर्तिपुर महोत्सव आयोजना गर्ने घोषणा गरेको छ। उक्त महोत्सव भव्यताका साथ सम्पन्न गरी महोत्सवमार्फत कीर्तिपुरको पहिचानलाई अझ समृद्ध तुल्याउन नगरपालिकाको जनप्रतिनिधि र कर्मचारी मात्र नभई कीर्तिपुरका राजनैतिक दल नागरिक समाज लगायत आम जनसाधारण पनि उत्तिकै जिम्मेवार र सक्रिय हुन जरुरी छ। यो महोत्सव कीर्तिपुर नगरपालिका भित्र छरिएर रहेका सम्पूर्ण गाउँ, टोल बस्ती र जात जातिको पहिचान उजागर गर्ने एवम् पर्यटन र व्यापारमार्फत यहाँको आर्थिक जीवन चलायमान गर्ने अवसर हो। यति मात्र नभई कीर्तिपुर नगरपालिका भनेको किनपा अर्थात कीर्तपुर, नगाउँ र पांगा मात्र हो भन्ने भ्रम र आरोप निवारण गर्ने उपयुक्त अवसर पनि हो। यसका लागि एकातिर कीर्तिपुर नगरपालिकाको नेतृत्व मात्र नभई स्थानीय जनता पनि सचेत, जिम्मेवार र सक्रिय हुनु जरुरी छ।

हुनत पछिल्लो समयमा महोत्सवहरू फेसन कै रुपमा देखा परेको छ र त्यस्ता महोत्सवहरू संघ संस्थाको नाफा कमाउने माध्यम र केही स्थानीय टाठाबाठाहरूको कमाई खाने माध्यमको रुपमा मात्र सिमित हुने गरेको तीतो यथार्थ देखिन्छ तर कीर्तिपुर महोत्सव कीर्तिपुरको संस्कृति, पहिचान र स्थानीय उत्पादनको व्यवस्थित प्रचार प्रसार गर्ने अवसर बन्नु जरुरी छ। यसका लागि आजै देखि घनिभूत छलफल र तयारीमा जुट्न नगरसन्देश परिवार सबैमा सादर अनुरोध गर्दछ। महोत्सवको निर्णय सार्वजनिक भएसँगै दुईवटा विचार छलफलमा आएको छ। एउटा यो महोत्सवमा कीर्तिपर नगरपालिका भित्रको कीर्तिपुर डाँडामा सबै गाउँ र क्षेत्रको पहिचान र उत्पादन प्रवर्द्धन हुने स्टलहरू केन्द्रीत गर्नुपर्दछ भन्ने छ भने अर्को त्यसो नगरी नगरभित्रका सबै प्रमुख बस्तीहरूमा महोत्सवका गतिविधि र कार्यक्रम विस्तार र विकेन्द्रीत गर्नुपर्दछ भन्ने छ। समय बाँकी रहँदै आवश्यक छलफल गरी उपयुक्त विकल्प छनौट गरी महोत्सव सफल बनाउन लागिपर्नु जरुरी छ।

अर्को तर्फ यो महोत्सवलाई सबैले तत्कालीन लाभहानी मात्र नहेरी दीर्घकालीन रूपमै आफ्नो पहिचान उजागर गर्ने र व्यापारिक तथा व्यावसायिक उत्पादनको बजारीकण गर्ने अवसरको रुपमा उपयोग गर्नु जरुरी छ। यसो गर्न सकिए मात्र यो महोत्सवको सार्थकता प्रमाणित हुनेछ अन्यथा केही व्यक्तिको व्यक्तिगत महत्वाकांक्षा पूरा गर्ने र केही अर्थ लाभ गर्ने माध्यम मात्र यो महोत्सव बन्ने छ र महोत्सवहरूको हुलमा बिलाउने छ।

कीर्तिपुर महोत्सव कीर्तिपुरको सुखद भविष्य र समृद्ध कीर्तिपुरको कोशोढुङ्गो बनोस्, शुभकामना।

# 'अध्यक्षज्यू, तपाईंले घुस खानु भएको छ ?'

**प्रेमकृष्ण श्रेष्ठ**

ट्रान्सपेरेन्सी इन्टरनेसनलले हरेक वर्ष गर्ने सर्भे अनुसार सन २०१८ मा डेनमार्क, न्युजिलैन्ड, फिनलैन्ड, सिंगापुर, स्वीडेन, नर्वे र स्वीट्जरलैन्ड कम भ्रष्टाचार हुने मुलुकमा दरिएका थिए भने सोमालिया, सिरिया र दक्षिण सुडान क्रमशः १०, १३ र १३ अंक प्राप्त गरी बढी भ्रष्टाचार हुने मुलुकमा परेका थिए। यो अनुसन्धानले पुष्टि गर्छ, संसारमा भ्रष्टाचार नहुने देशै छैन। भ्रष्टाचार न्यून गर्न सकिन्छ तर शुन्य नै गर्नु भनेको अझै कठोर चुनौति नै हो।

एउटा बलियो प्रश्नले संसारको रुप नै परिवर्तन गर्नसक्छ। त्यस्तै एउटा बलियो उत्तरले पनि संसारकै स्वरुप फेर्ने हैसियत राख्छ। यक्षका प्रश्नलाई सटिक उत्तर दिएर मरिसकेका आफ्ना चार भाइलाई युधिष्ठिरले ब्युँताए। डोको टेलिसिरियलमा पनि आफ्नै छोराको एक प्रश्नले भीरमा फाल्न लगेका आफ्ना बृद्ध बाबुलाई छोराले घर ल्याए। नायक चलचित्रमा पनि गहन प्रश्नले एउटा सामान्य मानिस फुटपाथबाट देशकै प्रधानमन्त्री बने। कवि सिद्धिचरणको प्रश्न र उत्तरको कविताको दुई पंक्तिले साहित्यकार वासु शशीले आत्महत्या गर्ने मानसिकता त्यागे भनिन्छ। प्रश्न र उत्तर कस्को भन्दा पनि कस्तोले सरोकार राख्छ। प्रश्न सुन्नका लागि मात्र होइन, त्यसलाई दिलैदेखि लिएर परिवर्तन पनि हुनुपर्छ भन्ने मेरो तर्क हो।

हालै कीर्तिपुर नगरपालिकाको वडा नं ९ को एक आवासीय विद्यालयले राखेको 'वडा अध्यक्षसँग बालबालिका' अन्तरक्रिया कार्यक्रममा दुई कक्षामा अध्ययन गर्ने एक बालकले अध्यक्ष गंगाराम महर्जनलाई सोधेको थियो "अध्यक्षज्यू, तपाईंले घुस खानु भएको छ ? एउटा बालकको त्यो प्रश्न अप्रत्याशित प्रश्न थियो। कलिलो बालकको प्रश्नले वडा अध्यक्षलाई एकक्षण जिल्यायो। लगतै, वडा अध्यक्ष गंगाराम महर्जनले प्रत्युत्तरमा 'म घुस पनि खान्न र अरुलाई पनि घुस खुवाउन्न भन्दा कलिला नानीहरूको ताली हलभरि पर्रर बज्यो। यस प्रश्नबाट प्रष्ट हुन्छ, हाम्रो देशका बालबालिकाहरूको बालमनोविज्ञान कस्तो छ, हाम्रो देशको बेथितिप्रति। एक आठ वर्षको बालकलाई कस्ले सुझायो यस्तो प्रश्न गर्न ? सार्वजनिक पदमा बस्नेहरू घुस्याहा नै हुन्छन् भन्ने बालमनोविज्ञानको जग कस्ले हाल्यो ?

त्यो आवासीय विद्यालय मात्र होइन, सरकारी विद्यालय कीर्तिपुर मा.बि.ले राखेको 'बालबालिकासँग वडा अध्यक्ष' कार्यक्रममा पनि त्यही प्रवृत्तिको प्रश्न गरियो : "के तपाईले घुस खानु भएको छ ? मलाई लाग्छ ती प्रतिनिधि दुई विद्यालय मात्र होइन, अरु दशौं विद्यालयका विद्यार्थीले पनि त्यही प्रश्न गर्नेछन्। देशभरिका बालबालिकाको बालमनोविज्ञान नै नेताहरूले घुस खान्छन्, कर्मचारीले घुस खान्छन् भन्ने बन्दै गएको छ। यस्तो मनोविज्ञानबाट बालबालिकालाई मुक्त गर्नु हाम्रो दायित्व हो। हुन पनि हो, अखवारको पहिलो पानामै यति घुस खायो, उति घुस खायोको समाचार प्रकाशित भएको हुन्छ। यस्तो देशमा बालमनोविज्ञान यस्तो नहुनु पनि कसरी ? हामी कीर्तिपुर नगरपालिकाका सबै जनप्रतिनिधिहरुले हाम्रो कार्यकालभरि घुस खान्नौं भनेर आसन्न नगरसभामा सपथ खाए कसो होला ? सुरुवात हामीबाटै गरौं। वडा अध्यक्षलाई 'तपाईले घुस खानु भएको छ' ? भन्दा त्यस बालकको अनुहारमा उदाएको जिज्ञासाको रंग र वडा अध्यक्षले म 'घुस पनि खान्न, अरुलाई पनि खुवाउन्न' भन्दा त्यही अनुहारमा उदाएको सन्तुष्टिको रंगको तुलना गरिरहेको छु म यतिबेला। ती दुई रंगलाई दिलैबाट घुटुक्क पान गर्ने हो भने इन्द्रेणी त्यति मीठो छैन। यदि बालबालिकालाई देशको कर्णधार मानेर उनीहरुलाई देशको लागि उर्वर शील बनाउने हो भने, मलाई लाग्छ, बालबालिकाको निम्ति अवको हाम्रो यात्रा जिज्ञासाबाट सन्तुष्टितर्फ हुनुपर्छ।

***(लेखक कीर्तिपुर नगरपालिकाको नगरसभा सदस्य हुन्)***

### मेरो धारणा



**देशभरिका बालबालिकाको बालमनोविज्ञान नै नेताहरूले घुस खान्छन्, कर्मचारीले घुस खान्छन् भन्दै बन्दै गएको छ। यस्तो मनोविज्ञानबाट बालबालिकालाई मुक्त गर्नु हाम्रो दायित्व हो।**

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

## कीर्तिपुर नगरपालिकाको पहिलो सार्वजनिक सुनुवाई

# जनतासँग तर्सिएर होइन, गालीहरु सुन्न पनि जनप्रतिनिधिहरू तयार हुनु पर्दछ : *मेयर महर्जन*




स्थानीय निकायहरूमा जनप्रतिनिधिहरूले गरेका कामहरू कति सही छन् कति प्रभावकारी छन् भन्ने ढङ्गले आम जनतालाई सुसूचित गर्न स्थानीय निकायले सार्वजनिक सुनुवाई कार्यक्रम गर्नु पर्दछ । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ ले गरेको व्यवस्था अनुरुप माघ २३ गते बिहीबार कीर्तिपुरको अमल्सि स्थित कृष्ण क्याटरिङ्गमा कीर्तिपुर नगरपालिकाले पहिलो पटक यो कार्यक्रम गरेको हो । नगरपालिकाका जिम्मेवार प्रतिनिधिहरू (सेवा प्रदायक) र कीर्तिपुर नगरपालिकाका स्थानीय वासिन्दा (सेवा ग्राही) बिचको सम्बन्ध कस्तो छ भन्ने बुझ्न पनि यो सार्वजनिक सुनुवाई कार्यक्रम गर्नु पर्ने हो । स्थानीय सरकारको सेवा कस्तो छ भन्ने कुराको पनि मापन गर्नुका साथै नगरबासी र स्थानीय सरकारको सम्बन्धलाई यो सार्वजनिक सुनुवाईले अझ प्रगाढ बनाउने गर्दछ । कीर्तिपुर नगरपालिकाले पारदर्शीढङ्गले कामहरू गरिरहेको कुरालाई उजागर गर्न पनि यो सार्वजनिक सुनुवाई कार्यक्रमले थप मद्दत पुगेको छ । यद्यपि कीर्तिपुर नगरपालिकाले नगरपालिकाको काम कारवाहीहरूलाई पारदर्शीढङ्गले गरिरहेको कुरा नगरबासीहरूलाई थाहा दिन प्रत्येक महिना पत्रकार सम्मेलन गरी जानकारी गराइरहेको नै छ ।

सार्वजनिक सुनुवाई कार्यक्रमको सहजकर्ताको रुपमा सञ्चारकर्मी चन्द्र बानियाँले सञ्चालन गर्नुभएको थियो । उहाँले कीर्तिपुरको छोटो चिनारी प्रस्तुत गर्नुहँदै देशकै जेठो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय कीर्तिपुरकै आँगनमा रहेको र विभिन्न एकेडेमी र रिसर्च सेन्टरहरू जसले कीर्तिपुरलाई शैक्षिक हवकोरुपमा चिनारी दिएको उल्लेख गर्नुभयो । निजी र सामुदायिक विद्यालयहरू प्रशस्तमात्रामा भएकोले शिक्षामा राम्रो पहुँच भएको उल्लेख गर्दै सञ्चालक बानियाँले कीर्तिपुरको प्राचीन बस्ति जसले विश्वलाई नेपाल चिनाउन मद्दत गरिरहेको बताउनुभयो । १७.८९ वर्गकिलोमिटर क्षेत्रफल भएको यस नगरपालिकामा १० वटा वडाहरू रहेको जानकारी दिनुभयो । २०६८ को जनगणनाअनुसार कूल जनसङ्ख्या ६५ हजार जनाइएकोमा हाल १ लाखको हाराहारीमा रहेका तथ्याङ्क प्रस्तुत गर्नुहुँदै बानियाँले कीर्तिपुर शतप्रतिशत साक्षर भएको उल्लेख गरिएकोले कीर्तिपुवासीहरू गौरवान्वित हुनु स्वभाविकै भएको बताउनु भयो । नेपालकै कूलसाक्षारता जम्मा ७०-८० प्रतिशत मात्र रहेकोमा २०७३ सालमा कीर्तिपुर पूर्ण साक्षार घोषणा गरेको जानकारी दिनुभयो । पूर्ण खोपयुक्त कीर्तिपुर नगरपालिका भएको उल्लेख गर्नुहुँदै बानियाँले नेपालले घोषणा गर्नुभन्दा पहिले नै पूर्ण खुला दिशामुक्त नगरपालिका घोषणा गरिसकेको बताउनुभयो । यसले अन्य जिल्लाहरूले लक्ष्य प्राप्त गर्नुभन्दा पहिले नै कीर्तिपुर नगरपालिकाले तोकिएको लक्ष्य हासिल गरिसकेको प्रष्ट पार्नुभयो ।

झण्डै १६ करोड लगानीमा ६ तल्ले आफ्नै अपाङ्गमैत्री भवन निर्माण भैसकेको कीर्तिपुर नगरपालिकामा १२० कि.मि. सडक मध्ये ४० कि.मि. सडक कालोपत्रे भैसकेको, ३० कि.मि कच्चि र ग्राभिलिङ्ग सडक ५० कि.मि. रहेको जानकारी दिनुभयो । कीर्तिपुर नगरमा २.७ कि.मि.को रिङ्गरोड भएको र पछि नगरलाई नै समेट्ने अर्को रिङ्गरोड बन्ने योजना रहेको सञ्चालक बानियाँले प्रस्तुत गर्नुहुँदै नगरका सबैवडाहरूमा खानेपानी पुगेको जानकारी समेत दिनुभयो । सम्पदाहरूमा पुरिएर रहेको खाःसि बजार स्थित तीन वटा पोखरीलाई पुनःनिर्माण गरिरहेको जानकारी दिनुहुँदै अन्य पोखरीहरू पनि निर्माणाधिन अवस्थामा रहेको बताउनुभयो । फोहर व्यवस्थापनको सिलसिलामा प्लाष्टिकलाई सङ्कलनगरी पीच गरेको जुन पोखरामा सफल भएको तर कीर्तिपुरमा भने परीक्षणकै रुपमा सिमित रहेको जानकारी दिनुभयो । नयाँ नेतृत्व आइसकेपछि सबै वडाका महिलाहरूलाई महिला सशक्तिकरणको तालिम प्रदान गरिसकेको, सीपमुलक तालिम पनि प्रदान गर्दै आइरहेको, नेपालभाषा र नेवाः संस्कृतिमा अध्ययन अनुसन्धान गरी कीर्तिपुरको साँस्कृतिक सम्पदा र जीवनशैली विषयवस्तु समेटेर पुस्तक र फोटो बुक प्रकाशन गरिसकेको, फोहर व्यवस्थापनका लागि विभिन्न ४ वटा निजी संस्थासँग सहकार्य गरिरहेको र विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग पनि सहकार्य गरिरहेको जानकारी दिनुहुँदै सहजकर्ता बानियाँले दिगो विकास लक्ष्य र स्थानीयकरणको लागि संयुक्त राष्ट्रिय संघीय विकास कार्यक्रम यूएनडिपिसँग पनि सहकार्य गरिरहेको बताउनुभयो । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीति निर्माणले जेष्ठ नागरिक सहयोग तथा प्रवर्द्धनात्मक कार्य गरिरहेको उल्लेख गर्दै सार्वजनिक पुस्तकालय स्थापना एवं सञ्चालनका लागि सहयोग जुटाउने कार्य गरिरहेको प्रष्ट पार्नुभयो । पर्यटन क्षेत्रमा कीर्तिपुरको पर्यटकीय रणनीतिक गुरुयोजना तयार पारिसकेको जानकारी दिनुहुँदै भिजिट कीर्तिपुर डटकम (visitkirtipur.com) वेवसाईट सञ्चालनमा ल्याइसकेको पनि जानकारी गराउँनु हँदै नेपाल भ्रमण वर्ष २०२०को सन्दर्भमा आगामि २०७७ बैशाख १६ देखि २० गतेसम्म कीर्तिपुर महोत्सव गर्ने घोषणा गरिसकेको बताउनुभयो र २०७७ साल बैशाख १ गते चम्पादेवीमा साहित्यिक महोत्सव गर्ने तयारी रहेको समेत बताउनुभयो ।

खेलकुदको सन्दर्भमा कीर्तिपुरमा कीर्तिपुर कभर्ड हल सञ्चालन भैसकेको जहाँ भर्खरै सम्पन्न १३ औ साग खेलकुद् अन्तर्गत दुईवटा खेलहरू खो-खो र फेन्सिङ्ग खेल सम्पन्न भएको, अन्तर्राष्ट्रिय क्रिकेट मैदान पनि कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालय परिसर मै भएकोले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा कीर्तिपुर चिनाउन मद्दत मिलेको बानियाँले जानकारी दिनुभयो ।

चालु आ.ब.मा १ अर्ब ३४ करोड ४२ लाख ९३ हजार १ सय ९७ को बजेटलाई अगाडि सारेको बताउनुहुँदै अघिल्लो वर्षमा ८३ करोड मात्र भएको, यस बाहेक पनि प्रदेश सरकार र केन्द्र सरकारको बजेटमा पनि कामहरू हुने गरेको जानकारी दिनुभयो । राजश्वमा १२ करोड लक्ष्य राखेकोमा हाल सम्म ५५ प्रतिशत लक्ष्य हासिल गरिसकेको अवस्था रहेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै अघिल्लो वर्षमा लक्ष्यभन्दा बढी नै राजश्व उठेकोले कीर्तिपुर नगरपालिका अन्य नगरपालिका भन्दा उत्साहजनक रुपमा अघि वढेको तथ्याङ्कले प्रष्ट पारेको कुरा उहाँले जानकारी दिनुभयो ।

सार्वजनिक सुनुवाई कार्यक्रमबारे प्रष्ट पार्नुहुँदै कीर्तिपुर नगरपालिकाका प्रशासकीय अधिकृत ध्रुवराज आचार्यले नगरवासीका कुरा सन्नु, नगरपालिकाको कुरा सुनाउनु र दुवैबिच छलफल हुँदा आएका कुराहरू पूरा गर्ने प्रतिवद्धता गर्नु यी ३ वटा उद्देश्यले यो कार्यक्रम गरेको बताउनु भयो । कानुनी पक्ष व्यवस्थापकीय वा प्रशासनिक पक्ष, प्राविधिक पक्ष र सामाजिक पक्ष नगर सरकार सञ्चालन भइरहँदा यी पक्ष उपयुक्त भएपछि ती कामहरूलाई अगाडि बढारहेको बताउँनुहुँदै आचार्यले आफ्नो नेतृत्वको कर्मचारी प्रशासकीय पक्ष र नगरप्रमुखको नेतृत्व भएको राजनीति पद्दतिबाट आउनुभएका निर्वाचित पक्ष यी दुईवटाको सन्तुलनबाट आम जनताको हीतका लागि काम गरिरहेको र यसमा सबैबाट सहयोगको अपेक्षा समेत गर्नुभयो ।

*बाँकि पृष्ठ ७*

# ‘प्राङ्गारिक खेति प्रविधिया महत्त्व’ विषयस अन्तरक्रिया गोष्ठी

किपू नगरपालिकाया कृषि शाखाया ग्वसालय् स्वस्थ जीवनया लागि प्राङ्गारिक खेति प्रविधिया महत्त्व विषयया अन्तरक्रिया गोष्ठी जूगु दु । किपू नगरया २५ म्ह किसानतय्‌गु ब्वति दुगु थुगु गोष्ठी किपू नगरपालिकाया उपमेयर सरस्वती खड्काया अध्यक्षताय् जूगु खः ।

अन्तरक्रिया ज्याझ्वलय् न्ववानादिसें उपमेयर खड्कां प्रविधिलिसें स्वाना यायेगु ज्या मध्ये दक्कले बांलाःगु कृषि जूगु न्ह्यथनादिल । थःम्हेसिनं हे उत्पादन यायेगु जूगुलिं थः नं म्वायेगु व मेपिन्त नं म्वाकेगु धइगु हे कृषि पेशा जूगुलिं थ्व तसकं महत्त्वपूर्णगु पेशा धयादिल ।

कृषिया बारे छुंनं माग वल धाःसा व नगरपालिकापाखें सहज ढंगं पूवंकेगु धयादिसें उपमेयर खड्कां कृषिया राजश्व ५०० तका जुइमा धकाः वःगु सुझाव कथं उलि हे क्वःछिनागु धयादिल । कृषिया लागि राज्यं यक्वः हे लगानी याइगु जूसां नं व वास्तविक किसानतय्‌थाय्‌तक थ्यनीमखुगुलिं प्रदेश सरकार वा संघीय सरकारपाखें वइगु छुं नं अनुदानया लागि नगरपालिकां बीगु सिफारिस वास्तविक किसानतय्‌त बाहेक मेपिंत मबीत निर्देशन बियागु जानकारी नं बियादिल । झोला जक ज्वनां जुइपिं किसानत वास्तविक किसान मखुगुलिं इमित निरुत्साहित यायेमाःगु उपमेयर खड्कां धयादिल ।

अन्तरक्रिया ज्याझ्वलय किपू नगरपालिका, कृषि शाखाया आ.ब.२०७६/०७७ या वार्षिक स्वीकृत ज्याझ्वः कथं किपू नगरपालिका स्तरीय १६ म्ह दुजःया अर्गानिक पकेट क्षेत्र/समूह सञ्चालक समिति दयेकूगु दु। गोपालमान महर्जन वडा नं. ५ या कजिसुइ उगु समिति दयेकूगु खः।

विषादी न्यूनीकरणया अभियान कथं थ्व पुचः दयेकूगु

## अर्गानिक पकेट क्षेत्र/समूह सञ्चालक समिति

| | | |
|---|---|---|
| नायः/कजि | : | गोपालमान महर्जन, वडा नं. ५ |
| दुजः | : | निकास महर्जन, वडा नं. ६ |
| ” | : | सिताराम विष्ट, वडा नं. ८ |
| ” | : | विष्णुराम विष्ट, वडा नं. ४ |
| ” | : | पवित्रा नेपाल, वडा नं. ६ |
| ” | : | तारा थापा, वडा नं. ५ |
| ” | : | राजेन्द्र महर्जन, वडा नं. ९ |
| ” | : | लक्ष्मी महर्जन, वडा नं. ९ |
| ” | : | ईन्दु महर्जन, वडा नं. ९ |
| ” | : | ज्योति महर्जन, वडा नं. ९ |
| ” | : | जुजुभाई महर्जन, वडा नं. ९ |
| ” | : | विना बस्नेत, वडा नं. ४ |
| ” | : | शर्मिला रिजाल, वडा नं. ५ |
| ” | : | सुमित्रा तामाङ्ग, वडा नं. ५ |
| ” | : | विष्णु बहादुर अधिकारी, वडा नं. ४ |




खः। थ्व पुचलं किपूनगरय् पकेट क्षेत्र गन गन दु धइगु क्वःछीगू अले अन विषादी मछ्य्‌ःसे अर्गानिक खेति यायेगु लक्ष्य दुगु कृषि शाखाया प्रमुख गणेश थापां जानकारी बियादिल।

Government of Nepal (GoN)

**Kirtipur Municipality**

**Office of the Municipal Executive**

## Invitation for Bids

Date of publication: 2076/10/23

1. Kirtipur Municipality invites sealed bids or electronic bids for the following works from Nepalese eligible bidders under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Municipal Executive, Kirtipur Municipality, 014332205 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office of the Municipal Executive, Kirtipur Municipality, Kirtipur, Devdhoka, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable bid document fee as per below specified.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np /egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank.
   Name of the Bank: Krishi Bikas Bank, Kirtipur
   Name of Office: Kirtipur Municipality, Office of the Municipal Executive
   Office Account no.: 0211100047277011
4. Pre-bid meeting shall not be held.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. For KRM-34/2076/077 qualified authorized suppliers of lift/elevator are also eligible for Supplying and Installation of 6 - Passengers Capacity lift with necessary Civil works.

| SN | IFB No | Descriptions of Work | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Opening Date and Time | Non-refundable bid Document Fee | Bid Security amount and Validity period |
|---|---|---|---|---|---|---|---|
| 1 | KRM - 34/ 076/077 | Supply and Installation of 6 - Passengers Capacity lift with necessary Civil works in New Municipal Building | 8,961,261.60 | Date:- 2076/11/27 Time:- 12:00 | Date: 2076/11/27 Time:- 17:00 | NRs. 3,000/- | NRs. 2,00,000/- valid for a period of 120 days after bid opening |
| 2 | KRM - 35/ 076/077 | Construction of Emergency Staircase in New Municipal Building | 11,061,016.30 | Date:- 2076/11/27 Time:- 12:00 | Date: 2076/11/27 Time:- 17:00 | NRs. 3,000/- | NRs. 2,45,000/- valid for a period of 120 days after bid opening |

# स्वयंसेवि कर्मचारीयात विदाइ



किपू नगरपालिकाया सूचना प्रविधि लागाय् ग्वहालि यायेया लागि स्वयंसेवक कथं ज्यायानाच्वंनादीम्ह भाजु काशी सामारावीरायात फागुन २ गते विदाइ याःगु दु। कीर्तिपुर नगरपालिकाया मेयर रमेश महर्जनं सामारावीरायात खादा क्वखायेका किपूया ल्वःवनापुसेच्वंगु किपा लःल्हानां बियादिसें बिदाई यानादीगु खः। मेयर महर्जनं वय्कया वइगु दिनय् अभ्र बांलायेमा धकाः कामना नं यानादिल।

ज्याभ्वलय् किपू नगरपालिकाया उपमेयर सरस्वती खड्का, वरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जन, सूचना अधिकृत परशुराम चौलागाईं, प्रशासन शाखा प्रमुख जनक थापा, सामाजिक शाखा प्रमुख अनुज प्रधानया नं ब्वति दुगु खः।

सन् २०१९ या शुरुइ किपू नगरपालिकायात सूचना प्रविधि लागाय् थप ग्वहालिलिसें विद्युतिय शुसासनयात न्ह्यःनेयंकेत एड् एभिआई (अष्ट्रेलियन भोलेन्टियर ईन्टरनेशनल) अन्तर्गत आइसिटी अफिसरया रुपय् वय्क काशीयात ल्यःगु खः। थ्यंमथ्यं ११ ला किपू नगरपालिकाया सूचना प्रविधि शाखाय् च्वनां किपू नगरपालिकायात ग्वहालि व समन्वय यानादीम्ह वय्कलं सूचना प्रविधि व सामाजिक शाखाया समन्वयस नेपाल भ्रमण दँयात लक्षित याना भिजित कीर्तिपुर डटकम वेवसाइट (www.visitkirtipur.com) दयेकादीगु दु। सूचना प्रविधि शाखाया समन्वयस e-Library Conference, ICT Related Training य् समन्वय् यानादीगु दु।

विदाइ समारोहस वय्कलं किपुलिई च्वना ज्यायायेखंगुलिं तसकं न्ह्यइपुसेच्वंगु कनादिसेंकिपू नगरपालिकायात गुबलें नं ल्वःमंके फइमखुगु धयादिल।

# सूचना ! सूचना !! सूचना !!!

कीर्तिपुर नगरपालिका क्षेत्रभित्र घर र जग्गा खरिद गर्दा निम्न कुराहरू यकिन गरेर मात्र खरिद गर्नु हुन सम्बन्धित सरोकारवालाहरूमा नगरपालिकाको हार्दिक अनुरोध छ।

१) जग्गा धनी पूर्जामा उल्लेख भएको क्षेत्रफल र फिल्डमा भएको क्षेत्रफल ठीक भए/नभएको यकिन गर्ने।

२) फिल्ड नक्शा र जग्गा धनी पूर्जामा उल्लेख भएको क्षेत्रफल दुरुस्त भए/नभएको यकिन गर्ने।

३) जग्गा खरिद सम्बन्धी बुझ्नु परेमा सम्बन्धित जग्गा धनी र वडा कार्यालयमा मात्र सम्पर्क गर्ने।

४) सम्बन्धित निकायमा तिर्नु र बुझाउनु पर्ने कर र राजश्व रकम चुक्ता भए/नभएको यकिन गर्ने।

५) सम्बन्धित निकायमा घर जग्गा सम्बन्धि मुद्दा मामिला र रोक्का रहे/नरहेको यकिन गर्ने।

६) खरिद बिक्रीको कारोवार गर्दा अनिवार्य रुपमा बैंक मार्फत गर्ने।

७) घर खरीद गर्दा घरको नक्शापास भए/नभएको र निर्माण सम्पन्न प्रमाणपत्र लिए/नलिएको यकिन गर्ने।

८) खरिद गर्ने घर र जग्गामा साँध संधियारको र सार्बजनिक प्रति जग्गा घुसे/नघुसेको यकिन गर्ने।

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कीर्तिपुर।**

Government of Nepal (GoN)
**Kirtipur Municipality**
**Office of the Municipal Executive**

## Invitation for Seal Quotation

Re-notice publication Date: 2076/11/02

1. The Kirtipur Municipality invites sealed quotations for following project as mentioned in table below.
2. Eligible Bidders may obtain further information from the office of Municipal Executive, Kirtipur Municipality, Devdhoka, Kirtipur, telephone no:- 014332205.
3. A complete set of Bidding Documents may be purchased from the office of the Municipal Executive, Kirtipur Municipality, Devdhoka, Kirtipur by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2076/10/08 ***during office hours***.
4. Sealed bids must be submitted to the office of the Municipal Executive, Kirtipur Municipality, Devdhoka, Kirtipur by hand on or before 12:00 on 2076/11/11. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17:00 on 2076/11/08 at the office of the Municipal Executive, Kirtipur Municipality, Devdhoka, Kirtipur.
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount as specified in table below, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day will be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | Contract Identification | Projects Name | Estimate Amount (Without VAT) | Bid Security |
|---|---|---|---|---|
| 1 | KRM – 27/2076/077 | Audience and Stage Works of Nepal Bhasa Academy Hall, Ward no-2 | Nrs. 10,77,830.00 | Nrs. 27,000/- |



कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन कीनपा वडा नं. ९ स्थित सामुदायिक विद्यालय गोरखनाथ माध्यमिक विद्यालयको निरीक्षण गर्नुहुँदै । साथमा उपमेयर सरस्वती खड्का, वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जन र सदस्यहरू प्रेमकृष्ण श्रेष्ठ र सुनिता नकर्मी । *तस्बिर : ज्ञानकुमार महर्जन*

# मंगल मा.वि.को नयाँ भवन शिलान्यास

कीर्तिपुर नगरपालिका वडा नं. १० स्थित सामुदायिक विद्यालय मंगल माध्यमिक विद्यालयको नयाँ भवनको शिलान्यास भएको छ । कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले फागुन १ गते बिहानको शुभसाइतमा उक्त शैक्षिक भवनको शिलान्यास गर्नुभएको हो । शिलान्यास पश्चात भएको कार्यक्रमको पनि मेयर महर्जनले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो।

शिलान्यास समारोहमा प्रमुख अतिथि मेयर महर्जनले मंगल माध्यमिक विद्यालय नमूना विद्यालयको रुपमा छनौट भई नेपाल सरकारबाट पुरस्कार हासिल गर्न सफल भएकोमा बधाई ज्ञापन गर्नुहुँदै यस सफलताको लागि योगदान गर्नुहुने सबैलाई धन्यवाद् दिनुभयो । मेयर महर्जनले कीर्तिपुरको पहिचान समावेश भएको पाठ्यक्रम तयार भइसकेकोले आगामी



शैक्षिक वर्ष देखि लागु हुने गरी कक्षा १ र ६ का लागि स्थानीय पाठ्यक्रम समावेश गर्न लागेको बताउँनुहुँदै शिलान्यास भएको यस भवन चाँडै सम्पन्न होस् भनी कामना समेत गर्नुभयो। आगामी वर्ष देखि नै नगरमा भएका सबै सामुदायिक विद्यालयहरूमा ईन्टरनेट जडान गरी ई-लाईब्रेरी सञ्चालन गर्ने काम अघि बढिरहेको जनाकारी दिनुहुँदै मेयर महर्जनले नेपाल सरकारले भन्नुभन्दा पहिले नै कीर्तिपुर नगरपालिका भित्रका विद्यालयहरूमा महिला विद्यार्थीहरूका लागि निःशुल्क सानिटरी पायूद उपलब्ध गराउने व्यवस्था गरेको पनि बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक लोकलाल महर्जनले स्वागत मन्तब्य दिनुभएको कार्यक्रममा भवन निर्माण कमिटीका संयोजक सिद्धिबहादुर महर्जनले मंगल माध्यामिक विद्यालय नमूना विद्यालयको सूचिमा परेकोमा खुशी व्यक्त गर्नुहुँदै अझ नमूना विद्यालयहरूको पनि नमूना विद्यालय बनाउनु पर्नेमा जोड दिंदै सबैसँग सहयोगको अपिल गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका भू.पू अध्यक्ष तथा कीर्तिपुर नगरपालिका वडा नं. १० का अध्यक्ष अमन महर्जन र कीर्तिपुर नगरपालिका शिक्षा शाखा प्रमुख टंकलाल गैरेले आ-आफ्नो मन्तब्य राख्नुभएको कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. चन्द्रमान वज्राचार्यको सभापतित्वमा सम्पन्न भएको थियो।

# जनतासँग तर्सिएर होइन ...

कार्यक्रमको पहिलो चरणमा १० जनाले आफ्नो जिज्ञासा, गुनासाहरू प्रस्तुत गरेका थिए भने दोश्रो चरणमा १४ जनाले आ-आफ्ना जिज्ञासा, गुनासा र सुझावका साथै नगरपालिकामा भएका कामहरूको प्रशंसा समेत गरेका थिए। कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा सुझावहरूको कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले जवाफ दिनुभएको थियो। मेयर महर्जनले सार्वजनिक सुनुवाई प्रत्येक वर्ष गर्नु पर्नेमा आफूहरू पनि व्यवस्थित हुन नसकिरहेको अवस्थाले ढिलो हुन गएको स्वीकार गर्नुहुँदै "तैपनि यो कार्यक्रम गरेको र जनताका गुनासा सुझावहरूलाई हृदयङ्गम गर्नेछौं" भन्नुभयो। मेयर महर्जनले राजश्व मिलान सम्बन्धी कामहरू गरिरहेको र आउने नगरपरिषद्ले सम्बोधन गर्ने गरी अगाडि बढिरहेको बताउनुहुँदै वडा लगायत नगरपालिकाको कार्यालयमा बिजुलि नभएको बेलामा काममा ढिलासुस्ती भएको भन्ने सवालमा प्रत्येक वडामा सोलार ब्याकअप राख्नेतर्फ अगाडि बढिरहेको बताउनुभयो। सेडब्याकको सवालमा अलिकति समस्या नै रहेको बताउनुहुँदै मयेर महर्जनले "जनताले त्यसको मुआब्जा चाहिन्छ भनेर नगरपालिकामा आइरहेका छन्। जागरुक समाज भयो भने त्यसलाई पनि व्यवस्थित गर्न सक्छौं। बाटोको बारेमा विभिन्न जिज्ञासाहरू आउने गर्दछ कि बाटो कसको लागि हो भनेर। पक्कै पनि बाटो जनताकै लागि हो। अहिले बाटो विस्तारको काम नगर्ने हो भने पछि झन विकराल अवस्था श्रृजना हुनेछ। जनप्रतिनिधिहरूले चुनावताका गरेका प्रतिवद्धताअनुरुप नै अहिले कामहरू गरिरहेको तर हामीहरू आफैं विरोधाभासका कुराहरू पनि गरिरहेका हुन्छौं।" भन्नुभयो। अहिले बाटोको टेण्डरहरू गरिरहेका छौं सबै ठाउँमा बाटो र नाली पश्चातमात्रै पीच गर्ने गरेको बताउनुहुँदै मेयर महर्जनले बाटो भनेको बटुवा कै लागि हो। बटुवाहरू सुरक्षित नभएसम्म त्यो बाटो नै होइन। त्यसैले जहाँ पनि फुटपाथ सहितको बाटोहरू बनाइरहेका छौं। फुटपाथ भन्ने वित्तिकै ६ मिटरको हुने गर्दछ। त्यसैले जनतासँग साझेदारीमा यी कामहरू सम्भव भएका छन्। जनताले बाटोको लागि जग्गा दिने हो भने नगरपालिकाले त्यसमा संरचनाहरू बनाउने स्पष्ट पार्नुभयो। कुकुरले फोहर गर्ने कुरामा विदेशतिर त्यस्तो भयो भने कुकुर धनीले नै फोहर उठाइ सम्बन्धित ठाउँमा व्यवस्थापन गर्ने गरेको जस्तै हाम्रा बुद्धिजिविहरूले पनि त्यस्तो गरिदिन मेयर महर्जनले अनुरोध गर्नुभयो। स्वाभाविक रुपमा विकास निर्माण भनेको भौतिक निर्माणमात्र नभएकोले थुप्रै विधाहरूमा कामहरू गरिरहेको बताउँनुहुँदै मेयर महर्जनले सामाजिक क्षेत्र र अन्य क्षेत्रमा एक दुई वर्षभित्रै उपलब्धिहरू देख्न गाह्रो हुने भएकोले नेपाल सरकारले पनि भौतिक निर्माणमा ६० प्रतिशत खर्चहरू गरिरहेको हुन्छ। त्यसैगरी कीर्तिपुर नगरपालिकामा पनि पूर्वाधार (भौतिक निर्माण)मा ६५ प्रतिशत खर्च गर्ने गरिएको बताउनुभयो। सामाजिक क्षेत्रमा अपाङ्गता क्षेत्रमा पनि कामहरू गरिरहेका बताउनुहुँदै मेयर महर्जनले युवा लक्षित कार्यहरू पनि गरिरहेको र यसको मूल्याङ्कन जनताले गरिरहेको बताउनुभयो। रोजगारमूलक कार्यहरू पनि गरिरहेको उल्लेख गर्नुहुँदै मेयर महर्जनले कोही भ्रममा नपरुन, रोजगारमूलक कामहरू भनेको बि.ए., एम.ए. पास गरेकाहरूको लागि नभइ अरु ठाउँमा गएर काम गर्न नसक्ने जो गरीब हुनुहुन्छ, ती व्यक्तिहरूलाई प्राथमिकतामा राख्ने गरेको बताउनुभयो। "रोजगारमूलक तालिममात्र दिलाएका छौनौं, उहाँहरूलाई सीडमनिको रुपमा मेशिनहरू किनिदिएर रोजगारमुखी बनाइहेका छौं"। यसैवर्षमात्र यूसेप नेपालसँग मिलेर १६ जना कीर्तिपुरवासीलाई हेभि गाडी, लाइटगाडीका साथै कफि मेकरको तालिमहरू दिइरहेका छौं।" मेयर महर्जनले भन्नुभयो। कोही कसैले आफूलाई पायक पर्ने तालिमको खाँचो औंल्याउनुभयो भने नगरपालिकामा सम्पर्क राख्न पनि मेयर महर्जनले अनुरोध गर्नुभयो। कर्मचारीहरू ढिलो आउने भन्ने सवालमा आफूहरू सजक भयौं र आगामी कार्यक्रममा यस्तो गुनासो आउन नदिने प्रतिवद्धता व्यक्त गर्नुहुँदै नगरपालिकाको प्रमुखको हैसियतमा क्षमा समेत माग्नुभयो र कर्मचारीहरू र जनप्रतिनिधिहरूलाई सजग रहन निर्देशन पनि दिनुभयो। नेपालभाषाको शिक्षकको दरबन्दीको सवालमा स्वयं सेवक शिक्षकको लागि आह्वान गरेकोमा एकजना मात्र आएको र त्यसलाई व्यवस्थापन गरेको बताउनुहुँदै मेयर महर्जनले कीर्तिपुर जस्तो ठाउँमा नेपालभाषाको क्षेत्रमा काम गर्न आफू विद्यालयदेखि नै पहल गरिरहेको बताउनुभयो। सामुदायिक विद्यालयहरूमा शुरुदेखि नै ध्यान गएकोले नै प्रत्येक विद्यालयमा कम्प्युटरहरू वितरण गर्दै आइरहेको औंल्याउनुभयो। सार्वजनिक विद्यालयहरूमा करले भर्ना गराउनुभन्दा विद्यालयको स्तरमा सुधार गऱ्यौं भने भर्ना समस्या आफैं हल हुने विश्वास लिनुहुँदै मेयर महर्जनले ठाउँको नाम पुरानै कायम हुनु पर्नेमा पुरानो र नयाँनाम मिलाएर मेट्रिक प्रणाली अनुसार घरको नम्बरहरू पनि राख्ने काम शुरु गरिरहेको बताउनुभयो। "जनप्रतिनिधिहरू छोटेराजा नहुन् भनेर सजक रहेको बताउनुहुँदै जनप्रतिनिधि भनेको प्रत्येक ५ वर्षमा रिन्यू हुनु जरुरी छ। जनताका सेवक हौं। जनतानै सार्वभौम हो। हाम्रो संविधानले पनि त्यही भनेको छ। कुनै पनि जनतालाई हप्काएर, थर्काएर वा कुनै पनि वाध्यतामा पारेर काम गर्नु हुँदैन। त्यति हुँदाहुँदै पनि विशेष परिस्थितिमा जस्तै सार्वजनिक निर्माणका सवालमा सर्वजन हिताय्, सर्वजन सुखाय् गर्न सकिंदैन। बहुजन हिताय् बहुजन सुखायलाई मध्यनजर गर्दै काम गर्ने हो। हामीले गरेका कामहरू कतिको ठीक छ भनी सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत मूल्याङ्कन गर्न जरुरी छ। जनतासँग तर्सिएर काम छैन। जनताका गालीहरू सुन्न पनि जनप्रतिनिधिहरू तयार हुनु पर्दछ। त्यसैले हामीले यो कार्यक्रम गरेका हौं। हामीले आँट गरेका छौं। यदि यस्तो आँट छैन भने त्यो जनप्रतिनिधिको कुनै अर्थ हुँदैन।" मेयर महर्जनले भन्नुभयो। दोभाषेको कुरामा कसैलाई चाहिने बेलामा आएर सहजीकरण गर्ने मान्छेहरू छन् भने उहाँहरूलाई कन्ट्याक्टमा राखेर काम गर्न सकिने बताउनुहुँदै मेयर महर्जनले "भूकम्पपिडितको सवालमा धेरै खुकुलो पारेका छौं। नगरपालिकाले सहजीकरणको काम मात्र गर्ने हो। नगरपालिकाले गरेपछि पुनःनिर्माण प्राधिकरणले सबै सुविधाहरू दिन्छ भन्ने भ्रममा नपरुन्" भन्नुभयो।

नगरपालिकाले थुप्रै कामहरू गर्दा गर्दै पनि यो खानेपानीको समस्यालाई समाधान गर्न सकेका छैनौं। प्राविधिक कारणले यो समस्या भैरहेको हो। खानेपानीको पूरै जिम्मा केयूकेलको हो। त्यसमा नगरपालिकाले सहजीकरणको भूमिका मात्र खेल्ने हो। पानीको गुणस्तर हेर्नेदेखि सबै जिम्मेवार केयूकेएल नै हो। खान नहुने पानी नपठाई खान योग्य मात्र पानी पठाउन निर्देशन पनि दिइसकेका छौं।" मेयर महर्जनले भन्नुभयो। नागरिक वडा पत्रको सवालमा सबै वडाहरूमा राखिसकेको जानकारी दिनुभयो। नगरको नागरिक वडापत्र एउटा नमूनाको रुपमा डिजिटल राख्ने काम अन्तिम चरणमा पुगिसकेको जानकारी गराउँनुहुँदै सार्वजनिक जग्गाको सवालमा सबै जना जनप्रतिनिधिहरूलाई मात्र थाहा नहुन सक्छ। त्यसैले कहीँ कतै सार्वजनिक जग्गाहरू अतिक्रमण गरिरहेको जानकारी छ भने तत्काल खबर गर्न अनुरोध गर्दै मेयर महर्जनले त्यस्तो ठाउँमा तुरुन्तै कारबाही गर्ने र ती सार्वजनिक जग्गाहरूलाई संरक्षण गर्नेतिर अगाडि बढीरहेको बताउनु भयो। नागरिकले पनि आफ्नो जिम्मेवारवहन गर्न त्यसतर्फ सजक रहन अनुरोध गर्नुहुँदै नागरिक अनुगमणको कुरालाई स्वागत गर्दै त्यसमा कोहि इच्छुक हुनुहुन्छ भने त्यस कार्य गर्न मौका प्रदान दिने बताउनुभयो। विष्णुदेवी अस्पतालका डाक्टरहरूको सवालमा उहाँहरूलाई कीर्तिपुर नगरका १० वडा कै स्वास्थ्य चौकीहरूमा पालैपालो खटाइहेको समेत जानकारी दिनुभयो।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले निर्वाचित भइसकेपछिको पहिलो नगरसभाबाटै न्यायिक समिति गठन गरी विवादित विषयहरू सुल्झाउने कामहरू गरिरहेको बताउनुभयो। विवाद सुल्झाउने क्रममा मेलमिलापलाई पहिलो प्राथमिकता दिएको, स्थानीय न्यायिक समिति भनेको सानासाना विवादहरू निरुपण गर्ने वैकल्पिक संयन्त्र मात्र भएकोले नगरपालिकामा आएका विवादहरू अधिकतम नगरपालिकाको क्षेत्राधिकारभन्दा बाहिरका भएकोले स्वतः अदालत पठाउनु परेको प्रष्ट पार्नुभयो।

"बालबालिकाहरू भविष्यका सुन्दर कर्णधारहरू नै हुन्। उहाँहरूलाई प्राथमिकता दिएका छौं। बालश्रमिक रणनीतिक गुरुयोजना तयार पारेका छौं। बालबालिकाहरूलाई लक्षित गरी नगरका विद्यालयहरूमा सुझावपेटिका पनि राखेका छौं। नेपाल सरकारले बालिकाहरूका लागि सेनिटरी प्याडको व्यवस्था गरेको छ भने कीर्तिपुर नगरपालिकाले भेन्टिङ्ग मेशिन र डिस्पोजल मेशिन व्यवस्था गर्ने निर्णय गरी अगाडि बढिसकेका छौं। नगरभरिमा बाल सञ्जाल गठन गरी कामहरू अगाडि बढीरहेका छन्। बालबालिका, महिला, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि सार्वजनिक यातायातमा हुने समस्यालाई सम्बन्धित व्यवसायीहरूसँग छलफल गरिसकेका छौं र यी समस्याहरू हटाउन निर्देशन पनि दिइसकेका छौं।" उपमेयर खड्काले भन्नुभयो।

फोहर व्यवस्थापनका सवालमा बालबालिकाहरूले पनि अभियानको रुपमा सहयोग गरिदिन अनुरोध गर्नुहुँदै उहाँले समस्यामात्र देखाउनुभयो समाधान कसले गर्ने भन्ने प्रश्न पनि उठेकोमा जहाँ समस्या हुन्छ, त्यहाँ समाधान पनि हुने भएकोले जनप्रतिनिधिले मात्र नभई सबैजनाले हातेमालो गरी अगाडि बढ्यौं भने जुनसुकै समस्याको पनि समाधान गर्न सकिने बताउनुभयो। स्वयंसेवकहरूको मागको सन्दर्भमा नगरसभाले नै टुङ्गो लाग्ने कुरा बताउनुहुँदै "सम्मानित अदालतको निर्णय सबैले मान्नु' पर्दछ। नेपालको संविधान, ऐन कानुनभन्दा माथि कोही पनि छैनौं" भन्नुभयो। सुझावको रुपमा आएका कुराहरु सुझावकै रुपमा लिन्छौ भने सुधार्नु पर्ने कुराहरू सुधार्ने कोशिस पनि गर्ने छौं " भन्नुभयो। विधेयक समितिमार्फत विभिन्न समितिहरू बनाउदा ३३ प्रतिशत महिलाहरूको सहभागिता गराएको भन्नुहुँदै उपमेयर खड्काले गैरसरकारी संस्थाहरूसँग कसरी सहकार्य गरेको छ भन्ने जिज्ञासामा तिनीहरूसँग चौमासिक रुपमा बैठक बस्ने गरेको बताउनुभयो। जनताले महसुस गर्न नसकेको विकास, विकास होइन" भन्नुहुँदै उपमेयर खड्काले सुखी नेपाली समृद्ध नेपाल भनेर नेपाल सरकारले कल्पना गरेजस्तै सुखी कीर्तिपुरबासी समृद्ध कीर्तिपुरको परिकल्पना गरेका छौं। त्यो पूरा गर्न सबैले हातेमालो गर्न जरुरी भएको उपमेयर खड्काले बताउनुभयो।

कीर्तिपुरनगरपालिकाका १० सै वडाका अध्यक्षहरू, विभिन्न शाखाका शाखाअधिकृतहरू समेतको उपस्थिति र हेको प्रस्तुत सार्वजनिक सुनुवाई कार्यक्रम माउण्टेन टेलिभिजन, ईण्डिजिनियस टेलिभिनज, नेपालमण्डल टेलिभिजन र कीर्ति अनलाईले प्रत्यक्ष प्रशारण गरेको थियो।

# कीर्तिपुर प्रहरीलाई मोटरसाइकल सहयोग



महानगरीय प्रहरी वृत्त कीर्तिपुरलाई कीर्तिपुर नगरपालिकाले २ वटा मोटरसाइकल सहयोग गरेको छ। कीर्तिपुर नगर क्षेत्रमा शान्ति सुरक्षाको अवस्था अझ बढी मजबुत होस् भनी सुरक्षा निकायलाई नगरपालिकाले उक्त मोटरसाइकल सहयोग गरेको हो।

कीर्तिपुर नगरपालिकाको नयाँभवन अमल्सिमा माघ २६ गते भएको कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले महानगरीय प्रहरी वृत्त कीर्तिपुरका ईन्चार्ज डिएसपि छेदिलाल कामतिलाई मोटरसाइकलको साँचो हस्तान्तर गर्नुभएको थियो। स्मरणीय रहोस्, गत पुष २३ गते भएको सुरक्षा सुदृढीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा मेयर महर्जनले कीर्तिपुरमा सुरक्षा निकायलाई काम गर्न सजिलो होस् भन्ने उद्देश्यले मोटरसाइकल उपलब्ध गराउने घोषणा गरे अनुरुप टिभिएस १२५ सिसिको २ वटा मोटर साइकल हस्तान्तरण गरेको हो।

कार्यक्रममा नगरपालिकाका उपमेयर सरस्वती खड्का, कीर्तिपुर नगरपालिका वडा नं. ४, ५, ६, ७, ८, ९ र १० का वडा अध्यक्षहरूको उपस्थिति रहेको थियो।

मोटरसाइकलको साँचो प्राप्त गर्दै महानगरीय प्रहरी वृत्त कीर्तिपुरका ईन्चार्ज डिएसपि कामतिले स्थानीय सरकार सुरक्षा प्रति संवेशनशील भएकोमा आभार प्रकट गर्दै सुरक्षाकै लागि यी सवारीसाधन प्रयोग गर्ने विश्वास दिलाउनुभयो। डिएपि कामतिले काठमाडौं सुरक्षाको दृष्टीकोणले संसारकै सुरक्षित राजधानी भएको बताउनु भयो। नेपालको छिमेकी देश भारतमै कीर्तिपुर वृत्त जतिकै क्षेत्रमा गत ८ महिनामा १११ वटा हत्याका मात्र घटनाहरू भएको जनकारी गराउनुहुँदै कीर्तिपुरमा यस्तो घटना शुन्यको अवस्थामा रहेको बताउनुभयो।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपमेयर खड्काले पूर्ण रुपमा शान्ति सुरक्षाको प्रत्याभूत हुन नसकिरहेको बताउनुभयो। आवश्यक परेको खण्डमा अरु पनि सहयोग गर्न नगरपालिका तयार रहेको बताउनुहुँदै सबैले आ–अफ्नो जिम्मेवारी पूरा गर्न सक्यौं भने शान्ति सुरक्षाको पूर्ण अनूभूति हुने विश्वास पनि व्यक्त गर्नुभयो। शान्ति सुरक्षाको अनुभुति भयो भने विकास निर्माणको काम पनि अघि बढ्न मद्दत हुने बताउनुहुँदै कुनैपनि दुर्घटनाका घटनाहरू हुनै नदिने गरी अगाडि बढ्न पनि उपमेयर खड्काले अनुरोध गर्नुभयो।

कार्यक्रम नगरपालिकाका सचिवालय सदस्य विकास महर्जनले सञ्चालन गर्नुभएको थियो।

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कीर्तिपुर, काठमाडौं**

## बोलपत्र स्वीकृतीका लागि आशयको सूचना

**प्रकाशित मिति : २०७६/११/०२**

यस कीर्तिपुर नगरपालिका वडा नं. ४ तामाङ्ग गाउँ स्थित जगदेउ डाँडा (कुमार लामाको घर माथि) खानेपानी ट्याङ्की निर्माण योजनाको लागि तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये की.न.पा. - ८ (साविक वडा नं. १०) ठेगाना भएका बिजन एण्ड बिबेक कन्स्ट्रक्सनले सबै भन्दा घटि रकम रु १३,५७,५८६।६० कवोल गरेकोले न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही उक्त बोलपत्रदाताको बोलपत्र सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) वमोजिम स्वीकृतीका लागि छनौट भएको हुंदा सोही ऐनको दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित गरिएको छ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com